**जहदागाउँपालिकाको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७५**

**प्रमाणीकरण मिति :**२०७५/०२/२७

## २०७५ सालको ऐन नं. ....

**प्रस्तावना:**नेपालको संविधानको अनुसूची ८ र ९तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७५बमोजिमस्थानीयतहलाई तोकिएकोअधिकार क्षेत्रभित्रकाविषयमाआवश्यककानूनबनाई प्रशासकीयकार्यविधिनियमितगर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १०२ को उपदफा (१)बमोजिमजहदागाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्तनाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नामजहदागाउँपालिकाको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐनजहदागाउँपालिका क्षेत्रभित्र तुरुन्तलागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषयवाप्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन”भन्नाले जहदागाउँपालिकाको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७५सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नालेजहदागाउँकार्यपालिकासम्झनु पर्छ ।

(ग) “गाउँपालिका”भन्नाले जहदागाउँपालिका सम्झनु पर्छ ।

(घ) “सभा”भन्नाले संविधानको धारा २२२बमोजिम गठितजहदागाउँपालिकाको गाउँसभासम्झनु पर्छ ।

(च) “संविधान”भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियमबनाउने अधिकार** : (१) नेपालको संविधानतथास्थानीय सरकार सञ्चालन ऐन, २०७५बमोजिमगाउँपालिकालाई तोकिएकाअधिकार क्षेत्रभित्रकाविषयमातोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधिनियमितगर्नको निमित्तजहदागाउँकार्यपालिकाले आवश्यकनियमबनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमनियमबनाउँदा संघीय तथाप्रदेश कानूनबमोजिम स्थानीयतहको क्षेत्राधिकार भित्र पर्नेविषयमामात्रबनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:**(१) संविधान, ऐन तथा यस ऐन अन्तरगतवनेको नियमावलीको अधिनमा रहीजहदागाउँकार्यपालिकाले आवश्यकताअनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।